बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौंडा, नेपाल

पत्र सङ्ख्या :-
चलानी नं. :- 688

मितिः २०७९।०६।१२

विषयः परिपत्र सम्बन्धमा ।

श्री प्रदेश मन्त्रालयहरु - सबै / प्रदेश सभा सचिवालय / प्रदेश लोक सेवा आयोग /मुख्य न्यायधिवक्ताको कार्यालय / मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान / प्रदेश निती तथा योजना आगोग,
बागमती प्रदेश, हेटौंडा ।

प्रस्तुत विषयमा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१(ख) अनुसार सबै सरकारी बिज्ञापन बापतको भूक्तानी सम्बन्धमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र संख्याः ०७९-०८० च.नं. प्रा.स./४२१/१६१० मितिः २०७९।०५।३१ को प्राप्त पत्र तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प.सं. २०७९।०८० च.नं. आ.प्र. ३९०/२९ मितिः २०७९।०५।०७ को पत्रासाथ प्राप्त निर्णको छाँयाप्रति यसै पत्रसाथ संलग्न राखी आवश्यक कार्यवाहीको लागि पठाइएको व्यहोरा अनुरोध छ ।

.............................
बिनोद कुमार भट्टराई
सचिव (कानून)

फोन नं.: ०५७-५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फयाक्सः ०५७-५२७५०७, वेवसाइटः www.ocmcm.bagamati.gov.np, ईमेलः ocmcm@bagamati.gov.np

CamScanner

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रादेशिक समन्वय शाखा)

सिंहदरवार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७९-८०
च.नं. : प्रा.स./४२१/१६१०

मिति :-२०७९/०५/३१

विषय : सरकारी विज्ञापन वापतको भूक्तानी सम्बन्धमा ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सातवटै प्रदेश।

प्रस्तुत विषयमा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१(ख) अनुसार सबै सरकारी विज्ञापन वापतको भूक्तानी सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प.सं ०७९/८० च.नं आ.प्र.३९०/२९ मिति २०७९/०५/०७ को पत्र तथा पत्रसाथ प्राप्त निर्णयको छाँयाँप्रति यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(विष्णु प्रसाद सुवेदी)
शाखा अधिकृत

बोधार्थ

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,
सिंहदरवार ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश
हेटौडा, मकवानपुर, नेपाल
दर्ता नं.:
मिति: २०७९।६।४

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश
हेटौडा, मकवानपुर, नेपाल
दर्ता नं.: ..............................
मिति: ..............................

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

CamScanner

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दर्ता नं. 98542
मिति :- २०७९/०५/०७

प.सं. :- ०७९/८०
च.नं. :- आ.प्र./३९० /85

**विषय: सरकारी विज्ञापन बापतको भूक्तानी सम्बन्धमा।**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत बिषयमा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१(ख) अनुसार सबै सरकारी बिज्ञापन बापत भूक्तानी हुने रकमको तीन प्रतिशतले हुन आउने रकम भूक्तानी गर्दाका वखत नै कट्टा गरी बिज्ञापन बोर्डको एभरेष्ट बैंक सिंहदरबारमा रहेको बैंक खाता नं. ००१२०१०५२०००३७ ( Office of the Advertisement Board) मा नियमित रुपमा पठाउने व्यबस्था हुन तहाँ र मातहतका बिभाग, कार्यालय एवम् निकायहरु तथा नेपालको संबिधान बमोजिमका सातवटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयहरुमा उक्त प्रावधानको कार्यान्वयन गर्न/गराउन परिपत्र गरी सहयोग गरिदिनु हुन यस मन्त्रालय ( सचिव स्तरीय) को मिति २०७९/०५/०६ को संलग्न निर्णयानुसार अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर
डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Shreedhar Gnyawali
shreedhar.gnyawali@nepal.gov.np

..................................
(श्रीधर ज्ञवाली)
उप सचिव

**सादर अवगतार्थ :**
श्री वैकुण्ठ अर्याल
सचिव
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**बोधार्थ:**
श्री विज्ञापन बोर्डको कार्यालय ,
बबरमहल, काठमाडौं ।

श्री प्रशासन महाशाखा
तहाँ संग सम्बन्धित दोषिरकोले प्रेषित।
०७९/५/२८



CamScanner

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

काठमाडौं

# टिप्पणी र आदेश

विषयः- सरकारी बिज्ञापन बापतको भूक्तानी सम्बन्धमा ।

श्रीमान सह-सचिवज्यू,

यस मन्त्रालय मातहतको विज्ञापन बोर्डद्वारा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१(ख) अनुसार बिज्ञापन प्रकाशन वा प्रसारण गरेबापतको रकम भूक्तानी गर्दा भूक्तानी रकमको तीन प्रतिशतले हुन आउने रकम सो बोर्डको एभरेष्ट बैंक सिंहदरबारमा रहेको बैंक खाता नं. ००१२०१०५२०००३७ ( Office of the Advertisement Board) मा जम्मा हुने व्यवस्थाका लागि नेपाल सरकार अन्तर्गतका सबै निकायहरुमा लेखी पठाइदिन प.सं. ०७८/७९ च.नं. ५३१ मिति २०७९/०३/०७ को पत्रबाट अनुरोध भै आएकोले यसमा देहाय बमोजिम उल्लिखित कानूनको कार्यान्वयन हुन लेखी पठाउनु पर्ने देखी पेश गरेको छु।

तपसिलः

१- नेपालको संबिधान बमोजिमका संबैधानिक अङ्ग तथा नेपाल सरकार अन्तर्गतका सबै मन्त्रालय, सचिवालय, आयोग र ती मातहतका निकायहरुलाई सबै सरकारी बिज्ञापन बापत भूक्तानी हुने रकमको तीन प्रतिशतले हुन आउने उपरोक्तानुसारको रकम भूक्तानी गर्दाका बखत नै कट्टा गरी बोर्डमा नियमित रुपमा पठाउन लगाउन अनुरोध गरी पठाइनु पर्ने,

२- नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित सार्वजनिक संस्थानहरुका हकमा अर्थ मन्त्रालयमार्फत परिपत्र गरिदिन अनुरोध गरी पठाइनु पर्ने,

३- नेपालको संबिधान बमोजिमका सातवटै प्रदेश सरकार र अन्तर्गतका निकायहरुका लागि सम्बन्धित प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयहरुमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमार्फत तथा ७५३ वटा स्थानीय तहहरुका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत परिपत्र गरिदिन अनुरोध गरी पठाइनु पर्ने,

४- महालेखापरीक्षकको कार्यालयमा लेखापरीक्षण हुंदा यसै अनुरुप कार्यान्वयन भए/नभएको जाँच/परीक्षण गर्ने ब्यवस्थाका लागि अनुरोध गरी पठाइनु पर्ने,

CS CamScanner

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

काठमाडौं

## टिप्पणी र आदेश

५- महालेखा नियन्त्रक कार्यालयमा मातहतका कोष तथा लेखा नियन्त्रक कार्यालयहरुबाट आन्तरिक लेखापरिक्षण गर्दा सो अनुसार कार्यान्वयन भए-नभएको जाँच-परीक्षण गरी प्रतिवेदन गर्न एवम् निकासा/भूक्तानी गर्दा भूक्तानी पठाउने काममा सहजीकरण गर्न लगाइदिन अनुरोध गरी पठाइनु पर्ने, र

६- यस मन्त्रालय मातहतका सबै निकायहरुमा यसै अनुसार गर्न लेखी पठाइनु पर्ने ।

प्रमाणित डिजिटल हस्ताक्षर
डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Shreedhar Gnyawali
shreedhar.gnyawali@nepal.gov.np

..................................

२०७९/०४/१२

(श्रीधर ज्ञवाली)

उप सचिव

श्री सचिवज्यू,

विज्ञापन बोर्डद्वारा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१(ख) अनुसार विज्ञापन प्रकाशन वा प्रसारण गरेबापतको रकम भूक्तानी गर्दा भूक्तानी रकमको तीन प्रतिशतले हुन आउने रकम कट्टा गरी भुक्तानी गर्ने व्यवस्थाका लागि माथि पेस भए बमोजिम निकायहरूमा अनुरोध गरी पठाउन स्वीकृतार्थ प्रस्तुत गरेको छु।



CamScanner

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

काठमाडौं

# टिप्पणी र आदेश

प्रमाणित डिजिटल हस्ताक्षर
डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Uttar Kumar Khatri
ukhatri@nepal.gov.np

.................................

२०७९/०४/१५
(उत्तर कुमार खत्री)
सह सचिव

यसरी भुक्तानी गर्दा विज्ञापन बोर्डको वार्षिक कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकारले विज्ञापन बोर्डलाई नेपाल सरकारबाट वार्षिक रूपमा बजेट विनियोजन गर्नु नपर्ने हुन्छ। यो रकम पर्याप्त हुन नहुने र अर्को आर्थिक वर्षदेखि नेपाल सरकारले बजेट विनियोजन नगर्दा पनि विज्ञापन बोर्डले आफ्नो कार्यक्रम (नेपाल सरकारले तोकेका काम सहित) सञ्चालन गर्न सक्षम हुने नहुने कुराको सामान्य विश्लेषण गर्नुपर्छ कि? एकपटक यो समेत विश्लेषण गरी पेश गर्ने।

प्रमाणित डिजिटल हस्ताक्षर
डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Baikuntha Aryal
baikuntha.aryal2@nepal.gov.np

.................................

२०७९/०४/१८
(वैकुण्ठ अर्याल)
सचिव

श्री आर्थिक प्रशासन

CamScanner

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

काठमाडौं

# टिप्पणी र आदेश

प्रमाणित डिजिटल हस्ताक्षर
डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Uttar Kumar Khatri
ukhatri@nepal.gov.np

..................................

२०७९/०४/१८
(उत्तर कुमार खत्री)
सह सचिव

श्रीमान सह-सचिवज्यू,

चालु आर्थिक बर्ष २०७९/०८० का लागि यस मन्त्रालयबाट बिज्ञापन बोर्डमा देहायका कार्यक्रममा निम्नानुसार ३१ करोड १० लाख रुपैयाँ जति बजेट विनियोजन रहेको देखिन्छ:

क- छापामाध्यमबाट लोककल्याणकारी विज्ञापन अनुदान बापत- २० करोड रुपैयाँ,

ख- बिद्युतीय माध्यमबाट लोककल्याणकारी विज्ञापन अनुदान बापत- ८ करोड रुपैयाँ,

ग- चालु खर्च/सञ्चालन अनुदान बापत - २ करोड ४० लाख रुपैयाँ, र

घ- पूँजीगत अनुदान बापत- ७० लाख रुपैयाँ ।

नेपालको कूल विज्ञापन बजारको सम्बन्धमा आधिकारिक आँकडा/बिबरणहरु पाउन सकिने अवस्था रहेको देखिँदैन। विज्ञापन बोर्डसंग यसबारेमा बुझ्दा विज्ञापन(नियमन गर्ने)ऐन,२०७६ बमोजिमको सरकारी विज्ञापनको बर्तमान सालाखाला अनुमान ५ अर्ब रुपैयाँ हाराहारी रहेको, तर सो अनुमान संघीय सरकारतर्फ मात्र रहेकोले प्रदेश तथा स्थानीय तहहरुलाई समेत दायरामा ल्याउन सकिएमा त्यत्तिकै परिमाणमा थप हासिल गर्न सकिने पनि हुन सक्छ। यसरी मूल्याङ्कन तथा बिश्लेषण गर्दा बोर्डलाई हाल दिइँदै आएको अनुदान रकममा सारभूत रुपमा कटौति गर्न सकिने हुन्छ। यद्यपि पूर्ण स्वरुपको कार्यान्वयनमा केही समय लाग्न सक्ने भएकोले यस निम्ति थप प्रयासको आवश्यकता पर्न सक्दछ। कार्यान्वयन शुरु भएपछि ३ प्रतिशत रकम प्राप्त हुने क्रममा ब्यबस्थित तथ्याङ्क आधार (Data-Base) पनि बन्ने भएकोले तत्काल उक्त बोर्डको सामान्य समझको आँकलन/अनुमान ५ अर्ब रुपैयाँ लाई आधार अंक मान्दा पनि करिब आधा रकम बराबरको अनुदान (१५ करोड रुपैयाँ) घटाउन सकिने देखिन्छ। कम्तीमा पनि ऐनको ब्यबस्थित कार्यान्वयन शुरु भै छरिएर रहेको सरकारी

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

काठमाडौं

## टिप्पणी र आदेश

बिज्ञापनको नियमनको प्रस्थान बिन्दुका रुपमा रहने भएकोले माथी प्रस्ताव गरिए अनुरुप लेखी पठाउन पुनः पेश गरेको छु।

प्रमाणित डिजिटल हस्ताक्षर
डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Shreedhar Gnyawali
shreedhar.gnyawali@nepal.gov.np

.................................

२०७९/०४/२४
(श्रीधर ज्ञवाली)
उप सचिव

श्री सचिवज्यू,

हाल सम्म सरकारी विज्ञापन प्रकाशन वा प्रशारण गरे बापत भुक्तानीको अंक एकिन भइसकेको छैन् यद्यपी तीन प्रतिशत हुन आउने रकम चालु आर्थिक बर्षबाट शुरू गर्ने र आगामी आर्थिक बर्ष देखि चालु बर्षको संकलन हुने अनुमानित रकमको आधारमा विज्ञापन बोर्डको बार्षिक कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गर्न सहयोगी नै हुने तथा विद्यमान कानुनको कार्यान्वयनका लागि समेत बिज्ञापन बोर्डद्वारा बिज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१(ख) अनुसार बिज्ञापन प्रकाशन वा प्रसारण गरेबापतको रकम भूक्तानी गर्दा भूक्तानी रकमको तीन प्रतिशतले हुन आउने रकम कट्टा गरी भुक्तानी गर्ने व्यवस्थाका लागि माथि पेस भए बमोजिम निकायहरूमा अनुरोध गरी पठाउन स्वीकृतार्थ प्रस्तुत गरेको छु।

प्रमाणित डिजिटल हस्ताक्षर
डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Uttar Kumar Khatri
ukhatri@nepal.gov.np

.................................

२०७९/०५/०६
(उत्तर कुमार खत्री)
सह सचिव

CS CamScanner

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

काठमाडौं

## टिप्पणी र आदेश

स्वीकृत

प्रमाणित डिजिटल हस्ताक्षर
डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Baikuntha Aryal
baikuntha.aryal2@nepal.gov.np

..................................

२०७९/०५/०६

(वैकुण्ठ अर्याल)

सचिव

CamScanner